संघीय संसद

प्रतिनिधि सभा

विकास तथा प्रविधि समिति

बैठक संख्या : ९२

मिति: २०७७/०२/३०

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ का सम्बन्धमा र संघीय संसद, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिबाट पेश भएको प्रतिवेदन २०७६ माथिको सैद्धान्तिक छलफलमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री एवं मन्त्रालयका सचिवले उक्त संशोधन विधेयक प्रस्तुत गर्नु पर्नाका कारण र उद्देश्य समिति समक्ष स्पष्ट पार्नु भयो । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरु समेतको उपस्थिति रहको आजको बैठकमा समितिका र संशोधनकर्ता माननीय सदस्यहरुले बैठकमा आफ्नो संशोधन राख्नुपर्नाका कारण स्पष्ट पार्नुभयो ।

समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

.................................

(मा.कल्याणी कुमारी खड्का)

सभापति

संघीय संसद

प्रतिनिधि सभा

विकास तथा प्रविधि समिति

बैठक संख्या : ९३

मितिः २०७७/०३/०१

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ का सम्बन्धमा र संघीय संसद, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिबाट पेश भएको प्रतिवेदन २०७६ माथि संशोधनकर्ता माननीय सदस्यहरु, नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरुको उपस्थितिमा दफावार छलफल भयो ।

समितिको आगामी बैठक मिति २०७७/०३/०२ गते मंगलबार दिनको १२:०० बजे बस्ने गरी स्थगित भयो ।

.........................................

(मा.कल्याणी कुमारी खड्का)

सभापति

# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## बैठक संख्या : ९४

मितिः २०७७/०३/०२

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सम्बद्ध पदाधिकारी र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीहरु समेतको उपस्थितिमा "नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६" र राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिबाट पेश भएको प्रतिवेदन २०७६ माथि दफावार छलफल तथा समसामयिक विषयमा समेत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ उक्त विधेयक र प्रतिवेदन माथि दफावार छलफलको क्रम आजको बैठकबाट सम्पन्न गरियो । साथै छलफलबाट टुंगो लागेका दफा एवं उपदफा र खण्डक्रम मिलाएर प्रतिनिधि सभामा पेश गर्ने गरी समितिबाट सर्वसम्मतिले पारित भयो ।

२ कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि स्थापना गरिएका क्वारेन्टाइनहरु अत्यावश्यक पूर्वाधारको अभावले कोरोना संक्रमणको केन्द्र बन्ने खतरा बढिरहेको छ । क्वारेन्टाइनहरुको दुरावस्थाका कारण नागरिकहरु क्वारेन्टाइनमा असुरक्षित महशुस गरिरहेका, क्वारेन्टाइनबाटै भागिरहेका र क्वारेन्टाइनमै मरिरहेका छन् । क्वारेन्टाइनहरुबाट संकलित स्वावहरुको नतिजा ढिलो आउने गरेकाले नागरिक झनै त्रसित बनेको र आत्महत्या समेत गर्न बाध्य हुनुपरेका खबरहरु आईरहेका छन् । संक्रमणको अवस्था र सम्भावनालाई मुल्यांकन गर्दै उच्च जोखिम, मध्यम जोखिम र न्युन जोखिम क्षेत्रहरु निर्धारण गरी सोही अनुसार स्वाव संकलन, परीक्षण र त्यसको नतिजा छिटो छरितो सार्वजनिक गर्ने व्यवस्था मिलाउन र क्वारेन्टाइन केन्द्रमा स्वास्थ्य सुरक्षा, खानपान तथा बसोबासको उचित प्रबन्ध गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको गम्भीर ध्यानाकर्षण गर्दछ ।

३ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

.....................................

(मा.कल्याणी कुमारी खड्का)
सभापति